Phone : 977-01-5362416, 5362518
5362326, 5362988
Fax : (977)-1-5362516

Babarmahal

Phone : 977-01-5718000/5718030
Fax : (977)-01-5718022
Email : dgca@caanepal.gov.np

Sinamangal

CIVIL AVIATION AUTHORITY OF NEPAL

Head Office, Kathmandu, Nepal

Ref. No. :

Date:

PRESS RELEASE

Today, on 23 September 2026 (7 Ashwin 2083 B.S.), Flydubai commenced its regular scheduled flight service on the Dubai–Pokhara–Dubai sector in accordance with the approved flight schedule. On the occasion of the inaugural arrival of the flight, a welcome and inaugural ceremony was held in the presence of the Director General of the Civil Aviation Authority of Nepal (CAAN), senior officials from the concerned government agencies, representatives from the tourism and civil aviation sectors, and other stakeholders.

The Civil Aviation Authority of Nepal believes that the commencement of this international air service to Pokhara will make a significant contribution to the promotion of tourism in Nepal, expansion of economic activities, and strengthening of the country's international air connectivity. The service is also expected to provide further impetus to tourism in the Pokhara region and contribute to the overall national economy.

The Civil Aviation Authority of Nepal extends its sincere appreciation to the relevant agencies of the Government of Nepal, Flydubai, Pokhara International Airport, and all concerned organizations, officials, and stakeholders for their direct and indirect support in facilitating the commencement of this flight service. CAAN also wishes the service continued success and safe, regular, and sustainable operations.

Spokesperson
Bikram Raj Gautam
Civil Aviation Authority of Nepal
Date: 23 September 2026

फोन : ९७७-१-५३६२४१६, ५३६२५१८
५३६२३२६, ५३६२९८८
फ्याक्स : ९७७-१-५३६२५१६
बबरमहल

फोन : ९७७-०१-५७१८०००/५७१८०३०
फ्याक्स : ९७७-०१-५७१८०२२
ईमेल : dgca@caanepal.gov.np
सिनामंगल

नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं, नेपाल ।

प.सं.: मितिः

प्रेस विज्ञप्ति

२०८३/०६/०७

आज मिति २०८३/०६/०७ (23 September, 2026) गते Flydubai ले स्वीकृत नियमित उडान तालिका बमोजिम दुबई-पोखरा-दुबई नियमित उडान सेवा सञ्चालन प्रारम्भ गरेको छ। उक्त उडानको प्रथम आगमनको अवसरमा नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, सम्बन्धित सरकारी निकायका उच्च पदस्थ अधिकारीहरू, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रका प्रतिनिधिहरू लगायत सरोकारवालाहरूको उपस्थितिमा स्वागत तथा शुभारम्भ कार्यक्रम सम्पन्न भएको छ ।

पोखरासम्मको यस अन्तर्राष्ट्रिय हवाई सेवाले नेपालको पर्यटन प्रवर्द्धन, आर्थिक गतिविधिको विस्तार तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्क सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास प्राधिकरणले लिएको छ । यस सेवाबाट पोखरा क्षेत्रको पर्यटन तथा समग्र राष्ट्रिय अर्थतन्त्रलाई थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

यस उडान सेवा सञ्चालनका लागि प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने नेपाल सरकारका सम्बन्धित निकायहरू, Flydubai, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा सम्पूर्ण सरोकारवाला संस्था एवं पदाधिकारीहरूप्रति नेपाल नागरिक उड्डयन प्राधिकरण हार्दिक आभार व्यक्त गर्दछ ।

प्रधिकरण Flydubai को उक्त सेवाको सफल, सुरक्षित, नियमित तथा प्रगतिका लागि शुभकामना व्यक्त गर्दछ ।

प्रवक्ता
नेपाल नागरिक उड्डयन प्राधिकरण